- संयोजकद्वारा तोकिएका अन्य कार्यहरु गर्ने ।

ङ) सदस्य सचिवको काम, कर्तव्य र अधिकारः

- परीक्षा संचालनका विविध गतिविधिमा संयोजकलाई सहयोग गर्ने ।
- मुचुल्का, लाहाछाप लगायतका कार्यहरु तदारुक्ताका साथ गर्ने ।
- आवश्यक अन्य कार्यहरु गर्ने ।

**५५.✂.........................................................................।**

**५५.** ✍ रिक्त शिक्षक पदपुर्ति सम्बन्धी व्यवस्थाः

१) संघीय सरकारबाट प्राप्त विषयगत शिक्षण सिकाई अनुदान तथा गाउँपालिकाबाट विद्यालयको नाममा विनियोजित शिक्षण सिकाई अनुदानको रिक्त दरबन्दीमा नियम ५४ बमोजिमको समितिबाट कम्तिमा १५ दिनको सूचना प्रकाशन तथा प्रशारण गरी शिक्षक नियुक्ति गर्नु पर्नेछ ।

२) संघीय सरकारबाट प्राप्त राहत दरबन्दीको रिक्त पद पूर्तीको लागि त्यस्तो पद रिक्त भएमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित आवश्यक प्रक्रियाको लागि गाउँ कार्यपालिकामा जानकारी गराउनु पर्नेछ ।

३) उपनियम (२) बमोजिम जानकारी प्राप्त भएमा गाउँपालिकाको शिक्षा अधिकृतले शिक्षा सेवा आयोगबाट तह र विषय समेतको आधारमा अस्थायी करार सूची माग गर्नु पर्नेछ र सोहि सूचीबाट बरियताक्रमको आधारमा अस्थायी नियुक्तिको लागि सिफारिस गरिदिन आयोगलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिस भई आएको शिक्षकलाई बढिमा एक शैक्षिक सत्रको लागि शिक्षा अधिकृतले नियुक्ति दिनु पर्नेछ । यस्तो शिक्षकले सेवा निरन्तर गर्न चाहेमा हरेक शैक्षिक सत्र सुरु हुन भन्दा कम्तिमा ४५ दिन अगावै विद्यालय व्यवस्थापन समितिको निर्णय तथा विद्यालयको सिफारिस सहित शिक्षा अधिकृतसँगसम्झौता नवीकरण गर्नु पर्नेछ।

४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निज शिक्षकको कार्यसम्पादन सन्तोष जनक नभएमा, निज विविध कारणले लगातार विद्यालयमा अनुपस्थित भएमा, प्रचलित कानुन बमोजिम निज अनुसन्धानमा तानिएमा वा दोषि ठहर भएमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम विद्यालयको सिफारिसमा जुन सुकै वखत निजलाई पदबाट बर्खास्त गर्न सकिने छ ।

५) उपनियम (३) बमोजिम पदपूर्ती हुन नसकेमा उपनियम (१) बमोजिम पदपूर्ती गरिनेछ ।

६) विद्यालयमा स्थायी दरबन्दी रिक्त भएमा संघीय सरकारले शिक्षकको सरुवा सम्बन्धी गरेको व्यवस्था बमोजिम हुनेछ ।

७) उपनियम (६) मा जुन सुकै कुरा लेखिएको भए तापनि रिक्त दरबन्दी पूर्तिको लागि सम्बन्धित निकायमा लेखि पठाई सकिएको भएमा सरुवा भई आउन कुनै पनि शिक्षकलाई सरुवा सहमति दिइने छैन । उक्त पद पूर्ति नभए सम्मको लागि उपनियम १ बमोजिम शिक्षक नियुक्ति गर्ने कार्य नियम ५४ बमोजिमको समितिले गर्न सक्नेछ ।

८) उपनियम ३,५ र ७ बमोजिम पदपूर्ती भएमा शिक्षा अधिकृतले अभिलेख राखी शिक्षा विकास तथा समन्वय इकाई उदयपुरलाई समेत जानकारी दिनु पर्नेछ ।

**५६.दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुनेः** (१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरवन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(२) अनुसूची-१२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(३) उपनियम (१) वा (२) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता बापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

(४) उपनियम १, २ र ३ मा जुनसुकै कुरा लेखिएता पनि दरवन्दी मिलान गर्दा कुनै बाधा पर्ने छैन ।

---

✂ पहिलो संसोधन द्वारा हटाइएको

✍पहिलो संसोधन द्वारा थपगरिएको ।

